# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

मिति : २०७८/०२/३१

संख्या : २०७७/०७८

सुचना सुचना सुचना

**विषय : – कोभीड १९नियन्त्रण तथा व्यवस्थापन सम्वन्धमा पुन पाचौपटक निर्देशन जारी गरीएको सम्वन्धमा**

श्री सरोकार निकाय सवै
म्याग्दे गाउपालीका तनहु

प्रस्तुत विषय सम्वन्धमा मिति २०७८।०२।३० गते तनहुका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा वसेको वैठक सगै निषेधाज्ञा जारी सम्वन्धी पत्र तथा दैनिक रुपमा देखीएको कोभिड १९ रोगको संक्रमणदर सगैको उच्च जोखीम, र वर्तमान परिस्थीती समेतको विश्लेषण र आकंलन गरी आजै मिति २०७८।०२।३१ गते वसेको गाउ कार्यपालीकाको ११२ औ वैठकको निर्णय न. १२ अनुसार तपशिल वमोजिम ६ वुदा कार्यन्वयन गर्नु गराउनुहुन सरोकारवाला सवै लाई यसै सुचना मार्फत जानकारी गराईन्छ ।

**तपशिल**

**१२.१** वैंक,सहकारी र वितिय सस्था सञ्चालन सम्वन्धमा हप्तामा कमश सोमवार, मगंलवार, वुधवार, विहिवार गरी जम्मा ४ दिन ( १० देखी १ वजे सम्म मात्र ) कर्मचारी आलोपालो गरी सञ्चालन गर्ने सो सगै वितरण गर्न वाकी सामाजीक सुरक्षा भत्ता को हकमा वडा अध्यक्ष मार्फत वैंक खोल्ने दिन दैनिक १५ जनाको नामावली सिफारीसका आधारमा वितरण कार्य तत्कालै अगाडी वढाउने ।

**१२.२** स्वास्थ्य शाखा मार्फत पि.सी.आर.तथा एन्टीजेन्ट टेस्ट को दायरा वढाउने, नागरीक लाई पुन कोभिड रोग सग सचेत रहन अनुरोध गर्ने ।

**१२.३** गाउपालीका वाट मास्क लगाएत अन्य स्वास्थ्य सामाग्री टोल टोलमा पुर्‍याई टोल विकास सस्था मार्फत वितरण गर्ने कार्य तत्काले अगाडी वढाउने ।

**१२.४** वजेट निर्माण को समय भएको हुदा स्वास्थ्य सुरक्षा मापदण्ड को पुर्णपालना गरी गाउपालीका, वडा कार्यलय (कर्मचारी सवै वा आलोपालो गरी) नियमित खोल्ने भिडभाड नगरी अत्यावश्यक सहित वजेट निर्माण र योजना कार्यकम को भुक्तानी सम्वन्धी कार्य मात्र गर्ने गराउने । तर अन्य कार्यलय को हकमा अत्यावश्यक र आन्तरीक कामकाज मात्र गर्ने गराउने ।

**१२.५** विद्यालय सञ्चालन सम्वन्धमा सिकाई सहजिकरण निर्देशिका २०७७ समेत का आधारमा तपशिल वमोजिम गर्ने गराउने ।

... राना (आले)
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

तपशिल

१. शैक्षिक सत्र २०७८ मा माथिल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुको लागि असार १ गते देखि भर्नाको अभिलेख कायम गर्ने । विद्यालयले सम्भव भएसम्म आफ्नो सेवाक्षेत्र भित्र टेलिफोन वा अनलाईन माध्यमबाट अभिभावकलाई सम्पर्क गरि स्थानिय प्रशासनबाट जारी भएको आदेश समेतलाई ध्यान दिई विद्यार्थी भर्नाको व्यवस्था मिलाउने । कुनै विद्यार्थी अन्य विद्यालयमा जान चाहेमा स्थानान्तरण प्रमाणपत्र विद्यालयबाट उपलब्ध गराउने व्यवस्था मिलाउने । स्थानान्तरण प्रमाणपत्र विना विद्यार्थी भर्ना नगर्ने ।

२. जनस्वास्थ्य र सुरक्षा सम्वन्धी मापदण्ड र आदेशको अधिनमा रहि शैक्षिक सत्र २०७८ का सवै विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था मिलाउने र सिकाई सहजिकरण गर्दा शिक्षा मन्त्रालयबाट जारी भएको विद्यार्थी सिकाई सहजिकरण निर्देशिका २०७७ अनुसार सिकाई निरन्तरताको व्यवस्था मिलाउने ।

३. कोभिड १९ को सक्रमणका कारण देशभरका सबै विद्यालयहरको पठनपाठन प्रभावित भएकाले वैकल्पिक शिक्षण सिकाई कार्यलाई निरन्तरता दिने उद्धेश्यले शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयबाट २०७७/०५/१९ गते जारि गरिएको विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७ अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई उत्पादन गरिएका कक्षा १-१० का विषयगत श्रव्यदृष्य पाठहरु Dish Media Network Ltd. को Dishhome, NITV Streamz Pvt. Ltd. को NET TV, Mega Max TV Pvt. Ltd. को Max TV, Divine Stream Network Pvt. Ltd. को Mero TV र Subisu Cablenet (p). Ltd. को Clear TV को विद्यालय शिक्षा (School Education) च्यानलबाट साविक झैं प्रसारण भई रहेकाले विद्यार्थीहरुलाई ती सामाग्रीबाट लाभ लिन उत्प्रेरित गर्ने ।

४.शिक्षा तथा मानवस्रोत विकास केन्द्रको पहलमा विकास गरिएको Mobile App: eclass Nepal शिक्षक, विद्यार्थी तथा अभिभावकले आफ्नो Android मोबाइलमा Install गर्नुहुन र App मा समावेश गरिएका कक्षा १ देखि १० सम्मका शिक्षण पाठहरु , पाठ्यपुस्तक नमुना प्रश्नपत्र आदि हेरि त्यसबाट लाभ लिनुहुन समेत अनुरोध गर्ने ।

**१२.६** यस भन्दा अगाडी गरीएका सवै  निर्णय हालका निर्णय सग नवाझीने गरी तथा अन्य विषयको हकमा माथीका विषय सग नवाझीने गरी मिति २०७८।०२।३० मा प्रमुख जिल्ला अधिकारी वाट जारी निषेधाज्ञा आदेशका सवै ७ वुदे निर्देशन हुवहु पालना गर्ने गराउने ।

२०७८।२।३०

माया देवी राना (आले)
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner